नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(ज्येष्ठ नागरिक संरक्षण शाखा)
सिंहदरबार, काठमाडौं

फोन नं.: ४२००१६५
Email:- info@mowcsc.gov.np
www. mowcsc.gov.np

पत्र संख्या ०७९/०८०
च.नं. ज्ये.ना.सं.शा./

मिति २०८०/०५/२१

**बिषयः ज्येष्ठ नागरिक मिलनकेन्द्र तथा दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन अनुदानको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

श्री नगरपालिका तथा गाउँपालिकाहरु सबै,
(७५३)

यस मन्त्रालयको चालु आ.व. २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रममा सामाजिक विकास कार्यक्रम अन्तरगत ज्येष्ठ नागरिक मिलन केन्द्र/दिवा सेवा केन्द्र स्थापना र सञ्चालन कार्यक्रम समावेश रहेको र उक्त कार्यक्रम स्थानीय तहमार्फत सञ्चालन गर्न मिति २०८०।०५।१७ मा यस मन्त्रालय(मा मन्त्रीस्तर)बाट निर्णय भएको छ। सो बमोजिम देहायका शर्तको अधिनमा रही ज्येष्ठ नागरिक मिलन केन्द्र/दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्न चाहने स्थानीय तहले यसैसाथ संलग्न फर्मेट अनुसार मिति २०८०।०६।२२ सम्ममा अनुदान प्राप्त गर्नो लागि प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। प्रस्ताव मन्त्रालयमा सिधै दर्ता गर्न वा मन्त्रालयको ईमेलः **info@mowcsc.gov.np** मा पठाउन सकिनेछ।

यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा ज्येष्ठ नागरिक संरक्षण शाखामा सम्पर्क गर्न वा मन्त्रालयको फोन नं ०१४२००१६५मा बुझ्न सकिनेछ।

कार्यक्रम सञ्चालनका शर्तहरु देहाय बमोजिम रहेको छ।

१) **स्थानीय तहको छनौट सम्बन्धी व्यवस्थाः** ज्येष्ठ नागरिकको संख्या, सम्बन्धित स्थानीय तहमा रहेका मिलन केन्द्रको संख्या, मन्त्रालयबाट यसै कार्यक्रमका लागि यसपूर्व अनुदान प्राप्तिको अवस्था, स्थानीय तहले गर्ने लागत साझेदारीको अवस्था तथा निरन्तर सञ्चालनको व्यवस्था समेतका आधारमा प्रस्तावहरुको मूल्यांकन गरी सबै प्रदेशको स्थानीय तह समेटिने गरी महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले स्थानीय तहको छनौट गर्नेछ।

२) **मिलन केन्द्र/सेवा केन्द्र सञ्चालन सम्बन्धि व्यवस्थाः** स्थानीय तहले भवन लगायतका भौतिक संरचना भएको स्थानमा आफैं वा प्रचलित कानुन बमोजिम संघसंस्था छनौट गरी त्यस्ता संस्थामार्फत सेवा केन्द्र सञ्चालन गर्न सक्ने र यस बाहेकको अवस्थामा स्थानीय तहले आफैं सेवा केन्द्र स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
(ज्येष्ठ नागरिक संरक्षण शाखा)
सिंहदरबार, काठमाडौं

फोन नं : ४२००१६५
Email:-
info@mowcsc.gov.np
www.
mowcsc.gov.np

पत्र सङ्ख्या ०७९/०८०
च.नं. ज्ये.ना.सं.शा./

३) <u>सेवा केन्द्रमा उपलब्ध गराउनु पर्ने सेवाहरु</u>: मिलन केन्द्र/दिवा सेवा केन्द्रमा हावा र प्रकासको पँहुचको लागि पर्याप्त व्यवस्था, सफा पिउने पानीको उपलब्धता, शौचालय, प्राथमिक उपचार कक्ष, मनोरञ्जनका सामग्री, पुस्तकालय र वाचनालयलगायतको व्यवस्था सहित ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५को अनुसूची २मा उल्लेख भए बमोजिमका सेवा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

४) <u>स्थानीय तहको जिम्मेवारी</u>: जेष्ठ नागरिक मिलन केन्द्र स्थापना तथा संचालनको लागि उपयुक्त स्थान/भवनको व्यवस्था गर्ने, केन्द्रमा भएको भौतिक तथा अन्य सामग्रीको संरक्षण र सही उपयोग गर्न व्यवस्था मिलाउने, मिलन केन्द्र वर्षैभरी सञ्चालन हुने व्यवस्था मिलाउने तथा दिगोपनको सुनिश्चितता गर्ने, कुनै प्रकारको समस्या तथा अप्ठ्यारो परिस्थिति आईपरेमा सम्बन्धित निकायमा सम्पर्क र समन्वय गरी समस्या समाधान गर्ने, संस्थामार्फत सञ्चालन भएका सेवा केन्द्रहरुको अनुगमन गरी पृष्टपोषण गर्ने, तोकिएको उद्देश्यका लागि मात्र रकम खर्च गर्ने, खर्चको अभिलेख राख्ने, खर्चको लेखा परीक्षण गराउने, खर्च तथा काम कारवाहीको प्रतिवेदन तयार गर्ने र वार्षिक प्रगति विवरण सम्बन्धित जिल्ला समन्वय समिति र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउंने जिम्मेवारी स्थानीय तहको हुने।

५) <u>स्थानीय तहमार्फत छनौट भएका संघ संस्थाको जिम्मेवारी</u>: ऐन तथा नियमावली बमोजिम केन्द्र सञ्चालनको स्वीकृति लिने, ऐन तथा नियमावलीद्वारा निर्धारण गरिएका सेवा सुविधाको उपलब्धता सुनिश्चित गर्ने, जेष्ठ नागरिकलाई आयमुलक कार्यमा संलग्न गराउँदा निजको शारिरिक तथा मानसिक स्वास्थ्यलाई विचार गर्ने, जेष्ठ नागरिकलाई निजको ईच्छा विपरित हुने गरी केन्द्रद्वारा सञ्चालित कुनै पनि कार्यमा संलग्न नगराउने, केन्द्रीय जेष्ठ नागरिक समिति, प्रदेश जेष्ठ नागरिक समिति, स्थानीय जेष्ठ नागरिक समिति तथा स्थानीय तहको समन्वयमा रही कार्य गर्ने, आफुले गरेका कार्यहरुका सम्वन्धमा नियमित रुपमा स्थानीय तह र सम्बन्धित जिल्ला समन्वय समितिलाई प्रतिवेदन गर्ने जिम्मेवारी सेवा केन्द्र सञ्चालन गर्ने संस्थाको हुने।

.....................
( )

ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनका लागि

—————————गाउँ/नगर/उपमहानगर/महानगर पालिकाले पेश गरेको

प्रस्ताव

श्री महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार काठमाण्डौ।

विषयः प्रस्ताव पेश गरिएको।

तहाँ मन्त्रालयको मिति २०८०।०५।२२मा मन्त्रालयको वेभ साइटमा प्रकाशित सूचना बमोजिम यस गाँउ/नगर/ उपमहानगर/महानगर पालिकाबाट यस स्थानीय तहको वडा नं स्थानमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्न देहायको विवरण सहित यो प्रस्ताव पेश गरिएको छ।

१. दिवा सेवा केन्द्र स्थापना हुने स्थानको पूरा ठेगाना :
२. दिवा सेवा केन्द्र स्थापनाका लागि आवश्यक जग्गा जमिनको उपलब्धताः
३. दिवा सेवा केन्द्र स्थापनाका लागि भौतिक संरचनाको उपलब्धताः
४. भौतिक संरचनामा भएका फर्निचर लगायतका सामग्रीहरुको उपलब्धता :
५. यस स्थानीय तहमा रहेका कुल ज्येष्ठ नागरिकको संख्याः
६. दिवा सेवा केन्द्रबाट लाभान्वित हुने ज्येष्ठ नागरिकको संख्याः
७. यस स्थानीय तहमा रहेका दिवा सेवा केन्द्रको संख्या र सेवा लिएका ज्येष्ठ नागरिकको संख्या
   क)
   ख)
   ग)
   घ)
८. यस पूर्व मन्त्रालयबाट दिवा सेवा केन्द्र स्थापनाका लागि कार्यक्रम प्राप्त भए नभएको विवरणः
९. दिवा सेवा केन्द्र सञ्चालनका लागि आवश्यक पर्ने श्रोतको अनुमान (यसमा के विषयका लागि कति रकम भन्ने विवरण समेत खुलाउने)ः
१०. स्थानीय तहले गर्ने लागत साझेदारीको विवरणः
११. दिवा सेवा केन्द्रको निरन्तरताका लागि स्थानीय तहको प्रतिवद्धताः

सम्बन्धित स्थानीय तहको छाप

..............................
दस्तखत
नामः
पदः